लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाको तिलोत्तमा गरपालिका वडा नं १० मा प्रस्तावित **तिलोत्तमा औद्योगिक ग्राम केन्द्र** आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन उपर लिखित राय सुझावको लागि आह्वान गरिएको

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/९/०८

प्रस्तावक श्री तिलोत्तमा नगरपालिकाले रुपन्देही जिल्लाको साबिक मक्रहर गा.वि.स. हाल तिलोत्तमा न.पा, वडा नं १० (जि.पि.एस: 27.58388$^0$N, 83.5405$^0$E ) मा कित्ता नं २४६ र ५१ को कूल २०-८-१० क्षेत्रफलमा तिलोत्तमा औद्योगिक ग्राम केन्द्र आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा पेश गरेको छ।

प्रस्ताव अनुसार आयोजनाले ६६ वटा औद्योगिक प्लाण्ट, २ वटा प्रशोधन प्लाण्ट, र २ वटा पुल निर्माण गर्नेछ। प्रस्तावित जग्गा सगरहवा सामुदायिक वन क्षेत्र पर्ने एवं सो जग्गा नेपाल सरकारको खण्ड ७२) संख्या २९ भाग ५ मिति २०७९/०५/०२ को राजपत्र बमोजिम औद्योगिक ग्राम घोषित भइसकेको छ। सो क्षेत्रमा पर्ने बोटबिरुवाहरुको लगत समेत श्री देवदह सव-डिभिजन वन कार्यालय र सगरहवा सामुदायिक वन उपभोक्ता समूहबाट प्रमाणित भइसकेको अवस्था छ।

यस आयोजनाको निर्माण र संचालन चरणमा विभिन्न समाजिक-आर्थिक र साँस्कृतिक, भौतिक र जैविक प्रभावहरु पर्नेछन्। निर्माणको समयमै वन फडाँनी तथा भू-उपयोग परिवर्तन, कामदारको शिविर स्थापना र चहलपहल, धुलो, ध्वनी एवं फोहरमैला उत्सर्जन हुनछन् भने संचालन चरणमा औद्योगिक फोहरमैला, ध्वनी प्रदुषण, वायू प्रदुषण, जल प्रदुषण, मानव चहलपहल आदी हुने अनुमान गरिएको छ। साथै सकरात्मक प्रभावहरुमा भने रोजगारी, आयस्तर र राजश्वमा वृद्धी आदी हुने अनुमान प्रतिवेदनमा भएको छ। प्रतिवेदनमा सम्बन्धित प्रभावहरुको नियन्त्रण एवं न्यूनिकरणहरुका उपाय पनि समावेश छन्। तथापी अध्ययनमा देखिएका वातावरणीय सवाल र व्यवस्थापनका उपायहरु यस सुचना बमोजिम अझै छलफलको विषय रहन सक्नेछ।

लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय–सुझाव लिनका लागि प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने ब्यबस्था रहेकोले यस आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन यस वन तथा वातावरण मन्त्रालयको Web Site: https://moitfe.lumbini.gov.np/ मा समेत सार्वजनिक गरिएको छ। उक्त प्रतिवेदन सम्बन्धमा उपयूक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयको सो प्रस्तावको स्वीकृति प्रकृयामा त्यस्ता राय–सुझावहरुलाई समेत ध्यानमा राखेछ। यस सम्वन्धमा ब्यक्ति वा संस्थाको कुनै राय–सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो लिखित राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने र राय सुझाव पठाउन सकिने ठेगाना:**

१. श्री वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।
https://moitfe.lumbini.gov.np/
ईमेलः mofesc.lumbini@gmail.com
फो.नं. ९८४७५४१३३७